# राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन, २०६९

# घोषणापत्र

**पृष्ठभूमिः**

**मर्यादित काम र रोजगारमुखी आर्थिक वृद्धिका लागि सुमधुर श्रम सम्वन्धको प्रवर्द्धन** शीर्षकमा श्रम तथा रोजगार नीति, वर्तमान कानून तथा संस्थागत संरचनाहरुको पुनरावलोकन गरी सामाजिक सहकर्मीहरु तथा अन्य सरोकार समूहहरु वीच सामाजिक सम्वादको प्रक्रियालाई प्रवर्द्धन गर्न आवश्यक देखिएकोले नीतिगत तथा कानूनी प्रावधानहरुमा समसामयीक सुधारका लागि महत्वपूर्ण सुझावहरु प्राप्त गर्न नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय, श्रम विभागको आयोजना तथा अन्तर्राष्ट्रिय श्रम संगठनको सहयोगमा मिति २०६९ आषाढ २५ देखि २७ गते (तदनुसार जुलाई ९-११, २०१२) सम्म काठमाडौंमा राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन आयोजना गरियो । सम्मेलनमा नेपाल सरकारका सम्वद्ध निकायहरु, रोजगारदाताका संगठनहरु, ट्रेड युनियन महासंघहरु, विज्ञहरु तथा अन्तराष्ट्रिय श्रम संगठन लगायत अन्य विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला संस्थाहरुका प्रतिनिधिहरुको समेत सक्रिय र योगदानमूलक सहभागिता रह्यो ।

सम्मेलनमा निम्न विषयहरुमा गहन छलफल तथा अन्तर्क्रिया भयो :-

- दोश्रो श्रम सम्मेलनका सिफारिसको कार्यान्वयनको समीक्षा,
- श्रम कानून परिमार्जन,
- सामाजिक सुरक्षा सम्वन्धी कानून निर्माण,
- रोजगार प्रवर्द्धनका चुनौती र अवसरहरु,
- वैदेशिक रोजगारको सामाजिक लागत घटाउने र प्रभावकारी पुनर्समायोजन नीति तथा कार्यक्रमहरु,
- श्रम वजार व्यवस्थापनः नेपालमा श्रम प्रशासनका चुनौती तथा संस्थागत सुदृढीकरण,
- श्रम निरीक्षण तथा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्वन्धी निरीक्षण प्रणाली,
- सवै प्रकारका शोषण मुलक श्रम अभ्यास, वाँधा तथा वलपूर्वक लगाईने श्रम र वालश्रम निवारण तथा कार्यस्थलमा लैङ्गिक मैत्री वातावरणको प्रवर्द्धन र
- असल श्रम सम्वन्ध र सामाजिक सम्वाद ।

उद्घाटन समारोह पश्चात यस सम्मेलनमा ५ वटा विषयगत प्राविधिक सत्रहरु आयोजना गरियो । प्रत्येक सत्रमा कार्यपत्र प्रस्तुत पछि सहभागीहरुबाट कार्यपत्रमाथि टिप्पणी तथा छलफल शुरु गरिएको थियो । छलफल पश्चात सम्वन्धित सत्रका अध्यक्षहरुबाट छलफलमा उठेका विषयहरुको संवोधन सहित समापन गरिएको थियो ।

मर्यादित काम, लगानी मैत्री वातावरण, उत्पादकत्व वृद्धि तथा श्रमको सम्मानमा केन्द्रीत भई तीन दिन सम्म संचालित यस सम्मेलनले सम्वत् दुई हजार उनान्सत्तरी साल आषाढ सत्ताइस गतेका दिन निम्न बमोजिम घोषणा पत्र जारी गरेको छ।

१. श्रम कानून आधारभुत कानून हो। यो देशको सबै भागमा समानरुपमा लागु हुनेछ। समग्र श्रम क्षेत्रलाई कानूनको दायरामा ल्याउन यो सम्मेलन सहमत छ। उद्योग व्यवसायको प्रकृती अनुसारको एक ऐन बहु नियमको नीति अनुरुप नियमावली बनाउन सम्मेलन प्रतिवद्धता व्यक्त गर्दछ।

२. समग्र श्रम क्षेत्रमा सामाजिक सुरक्षा प्रणाली लागु गर्न यो सम्मेलन प्रतिबद्धता व्यक्त गर्दछ। सामाजिक सुरक्षा कोषमा हाल श्रमिकहरुको एक प्रतिशत रकम संकलन भएको छ। यसमा रोजगारदाता तथा ट्रेड यूनियनहरु विच भएको सहमति अनुरुपको योगदानको रकम (प्रतिशतमा) जम्मा गर्ने कानूनी व्यवस्था शिध्र लागु गर्न सम्मेलन ध्यानाकर्षण गर्दछ। त्रिपक्षीय योगदानका आधारमा सरकारको सहभागिता तोक्ने र सामाजिक सुरक्षाका योजना (स्किम) हरु तत्काल तय गर्न सम्मेलन प्रतिवद्धता व्यक्त गर्दछ।

३. श्रम क्षेत्रलाई व्यवस्थित गर्न श्रम ऐन र ट्रेड यूनियन ऐनमा संसोधनको प्रक्रिया जारी छ। श्रम लचकता र सामाजिक सुरक्षा एक अर्काका परिपूरक भएकोले सामाजिक सुरक्षा कोष ऐन र राष्ट्रिय श्रम आयोग ऐन सहित सम्पूर्ण श्रम कानूनहरु प्याकेजमा संलग्न रहेको छ। रोजगारीको संरक्षण, सामाजिक सुरक्षा, सामाजिक सम्वाद, श्रम सम्बन्ध र श्रम प्रशासनको सवलीकरणको लागि जारी यो प्रक्रियालाई निष्कर्षमा पुर्‍याउन आगामी चार महिना भित्र श्रम कानूनहरुको मस्यौदा तयार गर्न सम्मेलन प्रतिवद्धता व्यक्त गर्दछ।

४. ट्रेड यूनियन ऐनलाई समसामयिक रुपमा परिमार्जन गरि सामुहिक सौदाबाजी प्रक्रिया एकै समयमा संचालन गर्ने गरी कानूनी व्यवस्था मिलाउने सम्बन्धमा यो सम्मेलन प्रतिवद्धता व्यक्त गर्दछ।

५. श्रम क्षेत्रलाई व्यवस्थापन गर्न श्रम प्रशासन सवलीकरण जरुरी छ। जनशक्तिको अपर्याप्तता र संरचनाको तदर्थतालाई सम्बोधन गर्न श्रम प्रशासनको भौतिक संरचना र संजाल विस्तार गरिने छ। श्रम प्रशासनलाई विशिष्टकृत सेवा समुहको रुपमा स्थापना गर्न सम्मेलन प्रतिवद्धता व्यक्त गर्दछ। श्रम प्रशासनले श्रम निरीक्षण प्रणाली, यूनियन दर्ता तथा नियमन र श्रम सम्बन्धको सुदृढीकरण प्रभावकारी ढंगले गर्न श्रम प्रशासनमा जनशक्ति वृद्धि एवं रहेका जनशक्तिको शीप र दक्षता अभिवृद्धिका लागि सम्मेलन प्रतिवद्धता व्यक्त गर्दछ।

६. देश भित्र मर्यादित र फलदायी रोजगारी सिर्जना गर्न लगानी मैत्री वातावरण जरुरी छ। रोजगारी सिर्जनाका अवसर र चुनौतीलाई ध्यानमा राखी नयाँ रोजगारी कसरी सिर्जना गर्ने विषयमा छलफल गर्न जरुरी छ। तसर्थ हरेक वर्ष श्रम बजारमा आउने नयाँ श्रम शक्तिलाई व्यवस्थापन गर्ने विधि पहिल्याउन र रोजगारीको आधारभुत लक्ष्य तय गर्न, उत्पादन, उत्पादकत्व तथा रोजगारी अभिवृद्धि गर्न रोजगार शिखर सम्मेलन आयोजना गर्न यो सम्मेलन प्रतिवद्धता व्यक्त गर्दछ।

७. त्रिपक्षीय विश्वासको वातावरण सिर्जना गरी असल श्रम सम्बन्धको विकास तथा प्रवर्द्धन गर्न सम्मेलन प्रतिवद्धता व्यक्त गर्दछ ।

८. न्यूनतम पारिश्रमिक निर्धारणको लागि वैज्ञानिक आधारहरु तयार गरी स्थायी न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन गर्ने गरी श्रम कानून परिमार्जन गर्न सम्मेलन प्रतिवद्धता व्यक्त गर्दछ ।

९. व्यवसायजन्य सुरक्षा र स्वास्थ्यलाई व्यवस्थित गर्नका लागि संस्थागत संरचना व्यवस्था सहित व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सूचना प्रणालीको स्थापनाका साथै प्रभावकारी निरीक्षण प्रणाली तयार गर्न यो सम्मेलन प्रतिवद्धता व्यक्त गर्दछ ।

१०. सवै प्रकृतिका श्रम क्षेत्रमा भेदभाव रहित लैङ्गिक मैत्री वातावरणलाई प्रभावकारी बनाउन यो सम्मेलन प्रतिवद्धता व्यक्त गर्दछ ।

११. सवै प्रकारका शोषणमूलक श्रम अभ्यासहरु, बांधा तथा बलपूर्वक लगाइने श्रम रोक्ने र बालश्रमको प्रयोगलाई निवारण गर्न यो सम्मेलन प्रतिवद्धता गर्दछ ।

१२. बैदेशिक रोजगारका सम्बन्धमा सरोकारवालाहरुसंग वृहत छलफल गरी श्रम आप्रवासनका हरेक चरणहरुमा कामदारको हक हित संरक्षण र व्यवसायिक दक्षता अभिवृद्धि हुने गरी बैदेशिक रोजगार व्यवस्थापन गर्न र यस्तो रोजगारीमा देशको तुलनात्मक लाभको क्षेत्र पहिचान गर्नु पर्ने कुरामा यो सम्मेलन जोड दिन्छ । यसका लागि आवश्यक पर्ने सूचना, सीप र दक्षता प्रदान गर्नु पर्ने कुरामा समेत सम्मेलन जोड दिन चाहन्छ ।

१३. अन्तर निकायगत समन्वय गरी एकिकृत श्रम वजार सूचना प्रणालीको विकास, विस्तार र सुदृढीकरणका लागि यो सम्मेलन प्रतिवद्धता व्यक्त गर्दछ ।

१४. यो सम्मेलन रोजगारदाता र ट्रेड युनियन महासंघहरुवीच भएको २०६७ चैत्र १० गतेको सम्झौता तथा २०६८ वैशाख २ गते भएको परिमार्जन सहितको सम्झौतालाई निरन्तरता दिन र कार्यान्वयन गर्न प्रतिवद्धता व्यक्त गर्दछ ।

१५. यो सम्मेलन २०५४ साल र २०६१ सालमा सम्पन्न क्रमश पहिलो र दोस्रो राष्ट्रिय श्रम सम्मेलनको निरन्तता हो । अघिल्ला सम्मेलनमा गरिएका प्रतिवद्धताको समर्थन गदै आगामी श्रम सम्मेलन प्रत्येक तीन वर्षमा गर्ने घोषणा गर्दछ ।

| **नाम र संस्था** | **हस्ताक्षर** |
|---|---|
| श्री विष्णु रिमाल<br>अध्यक्ष<br>नेपाल ट्रेड यूनियन महासंघ (GEFONT) | |
| श्री लक्ष्मण बहादुर बस्नेत<br>अध्यक्ष<br>नेपाल ट्रेड यूनियन कंग्रेस – स्वतन्त्र (NTUC-I) | |
| श्री कृष्ण प्रसाद पोखरेल<br>सहअध्यक्ष<br>स्वतन्त्र प्रजातान्त्रिक ट्रेड यूनियन महासंघ, नेपाल ( INDECONT) | |

| | |
|---|---|
| श्री रामेश्वरलाल श्रेष्ठ<br>महासचिव<br>राष्ट्रिय प्रजातान्त्रिक ट्रेड यूनियन महासंघ (NDECONT) | |
| श्री शालिकराम जम्कट्टेल<br>अध्यक्ष<br>अखिल नेपाल ट्रेड यूनियन महासंघ(ANTUF) | |
| श्री इन्द्रदेव मिश्र<br>अध्यक्ष<br>नेपाल समावेशी ट्रेड यूनियन महासंघ( INTUC) | |
| श्री विश्वनाथ प्याकुरेल<br>अध्यक्ष<br>पेशागत महासंघ(CONEP) | |
| श्री मनोज कुमार पोखरेल<br>उपाध्यक्ष<br>समावेशी लोकतान्त्रिक ट्रेड यूनियन महासंघ, नेपाल IDFONT) | |
| श्री हिकमत जंग भण्डारी<br>महासचिव<br>राष्ट्रिय प्रजातान्त्रिक ट्रेड यूनियन महासंघ (स्वतन्त्र) (NDECONT-I) | |
| श्री चिरागमान सिंह कुँवर<br>अध्यक्ष<br>राष्ट्रिय प्रजातान्त्रिक ट्रेड यूनियन महासंघ नेपाल ( NDFONT) | |
| श्री पशुपती मुरारका<br>उपाध्यक्ष<br>नेपाल उद्योग बाणिज्य महासंघ(FNCCI) | |
| श्री राजकुमार अग्रवाल<br>उपाध्यक्ष<br>नेपाल उद्योग परिसंघ(CNI) | |
| श्री अन्जना ताम्राकार<br>उपाध्यक्ष<br>नेपाल घरेलु तथा साना उद्योग महासंघ (FNCSI) | |
| श्री सोमलाल सुवेदी<br>सचिव<br>श्रम तथा रोजगार मन्त्रालय | |